# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६ ] काठमाडौं भाद्र २४ गते २०२३ साल [ अतिरिक्ताङ्क २३ (ख )

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रियपञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ :-

२०२३ साल को ऐन नं. १५

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अति-प्रबल गोरखादक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रमशाहदेव देवानाम् सदा समरविजयिनाम् ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## निर्वाचन आयोगको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः– पञ्चायतका सबै तह र वर्गीय तथा व्यावसायिक संगठनहरूको समय समयमा हुने निर्वाचन सम्बन्धी कामको रेखदेख, नियन्त्रण र निर्देशन गर्न एक निर्वाचन आयोगको गठन र व्यवस्था गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस ऐनको नाम "निर्वाचन आयोग ऐन, २०२३" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. निर्वाचन आयोगको गठनः– (१) एक निर्वाचन आयोग हुनेछ जसमा एक प्रमुख निर्वाचन आयुक्त र आवश्यक भएमा श्री ५ महाराजाधिराजबाट निर्धारित गरी बक्से जति संख्यामा अन्य निर्वाचन आयुक्त रहने छन् ।

(२) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको नियुक्ति श्री ५ महाराजाधिराजबाट गरिबक्सने छ ।

(३) निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्तको अतिरिक्त अन्य निर्वाचन आयुक्त नियुक्त भएमा प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्ने छन् ।

(४) (क) प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्तले श्री ५ महाराजाधिराजका समक्ष लिखित समावेदन पेश गरी आफ्नो पदबाट राजीनामा गर्न सक्नेछन् ।

(ख) कार्य क्षमताको अभाव वा खराब आचरणले गर्दा आफ्नो पदको कर्तव्य पालन गर्न प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्त असमर्थ छन् भन्ने कुरा राज सभासंग परामर्श गर्दा श्री ५ महाराजाधिराजमा लागेमा मौसूफबाट निजलाई सो पदबाट हटाउन सकिबक्सनेछ ।

(५) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त श्री ५ महाराजाधिराजबाट नियम बनाई तोकि बक्से बमोजिम हुनेछ । प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्त आफ्नो पदमा वहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त वदलिने छैनन् ।

३. निर्वाचन आयोगको काम र अधिकारः– (१) नेपालको संविधान र तत्काल प्रचलित नेपाल कानून बमोजिम गाउं पञ्चायत, नगर पञ्चायत, जिल्ला सभा, जिल्ला पञ्चायत,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२८

अञ्चल सभा, अञ्चल पञ्चायत, राष्ट्रिय पञ्चायत र नेपाल किसान संगठन, नेपाल युवक संगठन, नेपाल महिला संगठन, नेपाल मजदूर संगठन र नेपाल भूतपूर्व सैनिक संगठनको समय समयमा हुने सबै तहको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ ।

(२) उप–दफा (१) बमोजिमको आफ्नो कर्तव्य पूरा गर्न निर्वाचन आयोगलाई देहाय बमोजिमको अधिकार हुनेछः–

(क) निर्वाचनको निमित्त मतदाताहरूको नामावली तैयार गर्ने वा गराउने,

(ख) निर्वाचनको, निमित्त रिटर्निङ्ग अफिसर, निर्वाचन अफिसर, प्रिजाइडिङ्ग अफिसर, पोलिङ्ग अफिसर वा अन्य कर्मचारीहरूको नियुक्ति गर्ने वा श्री ५ को सरकारको स्वीकृतिलिई त्यस्तो कुनै पदमा काम गर्न सरकारी कर्मचारी खटाउने,

(ग) निर्वाचनको निमित्त मतदान केन्द्र खडा गर्ने वा गराउने,

(घ) निर्वाचन निष्पक्ष र सफलतापूर्वक सञ्चालन गर्न अन्य आवश्यक व्यवस्था गर्ने ।

(३) तत्काल प्रचलित नेपाल कानून बमोजिम निर्वाचन ट्राइब्यूनलको गठन र त्यसको सदस्यहरूको नियुक्ति वा मनोनयन गर्दा निर्वाचन आयोगको सिफारिश बमोजिम गर्नेछ ।

४. निर्वाचन आयोगमा कर्मचारीको दरबन्दी र प्रशासकीय खर्चः– (१) निर्वाचन आयोगमा आवश्यक कर्मचारीको दरबन्दी सो आयोगको राय बुझी श्री ५ को सरकारले मिलाई दिनेछ ।

(२) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरूको पारिश्रमिक लगायत निर्वाचन आयोगको सम्पूर्ण प्रशासकीय खर्च संचित कोष प्रति व्ययभार हुनेछ ।

५. नियम बनाउने अधिकारः– निर्वाचन आयोगले आफ्नो कार्यविधि व्यवस्थित गर्न नियमहरू बनाउन सक्नेछ। तर ती नियमहरू श्री ५ महाराजाधिराजबाट स्वीकृति बक्सेपछि मात्र लागू हुनेछन् ।

लालमोहर सदर मिति २०२३।५।२४।६

आज्ञाले–

प्रद्युम्नलाल राजभण्डारी

श्री ५ को सरकारको सचिव ।

---

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६०